# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

## अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८०

**प्रस्तावना**: अपराधसम्बन्धी राष्ट्रिय अभिलेखलाई व्यवस्थित गर्न तथा सो अभिलेखको आधारमा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने व्यवस्थालाई व्यवस्थित, सरल, सहज र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आवेदक" भन्नाले प्रहरी चारित्रिक प्रमाणपत्र प्राप्तिका लागि आवेदन गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली नागरिक वा विदेशी व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) "प्रहरी चारित्रिक प्रमाणपत्र" भन्नाले प्रहरी प्रधान कार्यालयबाट दिइने प्रहरी चारित्रिक प्रमाणपत्र सम्झनु पर्छ।

(घ) "फौजदारी मुद्दा" भन्नाले नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दा सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(च) "राष्ट्रिय अभिलेख" भन्नाले दफा ३ बमोजिमको अपराधसम्बन्धी राष्ट्रिय अभिलेख सम्झनु पर्छ।

## परिच्छेद-२

## अपराध सम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन

३. **राष्ट्रिय अभिलेख:** (१) नेपाल प्रहरीले ऐनको दफा ३ को खण्ड (ट) बमोजिम अपराध सम्बन्धी राष्ट्रिय अभिलेखको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय अभिलेखमा देहायका विवरण अद्यावधिक गरी राख्नु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल प्रहरी वा प्रदेश प्रहरीका अपराध अनुसन्धान गर्ने कार्यालय वा इकाई तथा अन्य निकायबाट अनुसन्धान भई फौजदारी मुद्दामा अभियोजन गरिएका व्यक्तिको विवरण,

(ख) अदालतबाट पक्राउ पूर्जी जारी भएका व्यक्तिको विवरण,

(ग) फौजदारी मुद्दामा अदालत वा कुनै अर्धन्यायिक निकायबाट सजाय पाएको व्यक्तिको विवरण,

(घ) फौजदारी मुद्दामा अदालत वा कुनै अर्धन्यायिक निकायबाट सफाइ पाएको व्यक्तिको विवरण।

(३) उपदफा (२) बमोजिमको विवरण राख्दा सम्बन्धित व्यक्तिको पूरा नाम, थर, ठेगाना, नागरिकता नम्बर वा राष्ट्रिय परिचय नम्बर, बाबुको नाम, बाजेको नाम, सम्पर्क टेलिफोन नम्बर सहित प्राप्त भएसम्मका अन्य विवरणको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको राष्ट्रिय अभिलेखको गोपनीयता र सुरक्षाको व्यवस्था प्रहरी प्रधान कार्यालयले मिलाउनु पर्नेछ ।

४. **<u>विवरण सङ्कलन गर्ने:</u>** नेपाल प्रहरीले देहायका निकायबाट फौजदारी मुद्दासम्बन्धी विवरण सङ्कलन गरी राष्ट्रिय अभिलेखमा अद्यावधिक गरी राख्नु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अदालत,

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

(ग) राजस्व अनुसन्धान विभाग,

(घ) सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग

(ङ) जिल्ला प्रशासन कार्यालय,

(च) डिभिजन वन कार्यालय,

(छ) फौजदारी मुद्दामा अनुसन्धान तथा अभियोजन गर्ने अन्य निकाय ।

## परिच्छेद-३

## प्रहरी चारित्रिक प्रमाणपत्र वितरण

५. **प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने जिम्मेवारीः** (१) नेपालमा बसोबास गर्ने स्वदेशी नागरिक वा विदेशी व्यक्तिलाई नेपालमा रहँदा कुनै फौजदारी मुद्दामा अभियोग लागी कसूरदार ठहर भए वा नभएको सम्बन्धमा राष्ट्रिय अभिलेख जाँच गरी प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने जिम्मेवारी प्रहरी प्रधान कार्यालयको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने प्रयोजनका लागि प्रहरी प्रधान कार्यालयले कुनै शाखालाई जिम्मेवारी तोक्नेछ ।

(३) उपदफा (२) बमोजिमको शाखाले प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्दा आवश्यकता अनुसार अन्य सम्बन्धित शाखासँग समन्वय गर्न तथा सहयोग लिन सक्नेछ।

६. **आवेदन दिनु पर्नेः** (१) प्रहरी चारित्रिक प्रमाणपत्र लिन चाहने व्यक्तिले अनुसूची-१ को प्रक्रिया बमोजिम अनलाइन प्रणालीबाट आवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम आवेदन दिँदा अनलाइन दर्ता प्रणालीमा उल्लेख भएका विवरणहरु प्रविष्ट गर्नुको साथै अनुसूची-२ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनलाइन प्रणालीबाट चौबिसै घण्टा आवेदन दिन सकिनेछ।

७. **<u>प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने:</u>** (१) दफा ६ बमोजिमको आवेदन प्राप्त भएपछि दफा ५ को उपदफा (२) बमोजिमको शाखाले देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) अनलाइन मार्फत प्राप्त भएका आवेदन राष्ट्रिय अभिलेखमा रुजुको लागि पठाउने,

(ख) आवेदकको नाम राष्ट्रिय अभिलेखमा भिडेको तर सम्पूर्ण विवरण उल्लेख नभई सोही व्यक्ति हो वा होइन भन्ने द्विविधा भएमा सम्बन्धित मुद्दाको अनुसन्धान गर्ने प्रहरी कार्यालय वा अन्य निकायबाट थप जानकारी माग गर्ने।

(२) औंठाछाप पहिचान प्रणाली (अटोमेटिक फिङ्गरप्रिन्ट आइडिन्टिफिकेशन सिस्टम (ए.फ.आई.एस.) लागू गरिएको अवस्थामा उपदफा (१) बमोजिम अभिलेख रुजु गर्दा सो प्रणालीमा सङ्कलन गरिएको आपराधिक अभिलेखमा रुजु गरी यकिन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय अभिलेखबाट रुजु भई प्राप्त भएको विवरणको आधारमा सम्बन्धित शाखाले सोही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको व्यहोरा जनाई प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

८. **प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने अवधिः** (१) दफा ६ बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र प्राप्तिका लागि आवेदन दर्ता भएको पाँच कार्य दिन भित्र प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पेश भएको विवरण फरक परेमा वा त्रुटि देखिएमा वा कुनै फौजदारी मुद्दा चलेको व्यक्तिसँग आवेदकको विवरण मिल्न गएमा पुनः रुजु गरेर मात्र प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

९. **कसूर उल्लेख नगरी प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउनेः** प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउँदा देहायको व्यक्तिको हकमा कसूर उल्लेख नगरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछः-

(क) कुनै पनि फौजदारी अभियोग नलागेको,

(ख) कुनै फौजदारी अभियोग लागी शुरु तहको अदालत वा अर्धन्यायिक निकायमा मुद्दा विचाराधीन रहेको,

(ग) कुनै फौजदारी अभियोगमा मुद्दा दायर भई सफाइ पाएको,

(घ) नाबालक,

(ङ) बाल बिज्याईमा संलग्न भई सजाय भुक्तान भएको वा कसूर गर्दाको बखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बालबालिका रहेको तर बालिग भए पश्चात् सजाय भुक्तान भएको,

(च) सरकारी कार्य सम्पादनको सिलसिलामा भएको कुनै कसूरमा सजाय पाई नोकरी कायम नै रहेको,

(छ) जरिबानामात्र भएकोमा असुलउपर भैसकेको,

(ज) अदालत वा कुनै अर्धन्यायिक निकायबाट शुरू कारबाही र किनारा हुने फौजदारी मुद्दामा एक वर्ष वा सो भन्दा कम सजाय भई सजाय भुक्तान भएको,

(झ) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) बमोजिमको कसूरको हकमा सजाय पाई भुक्तान भएको,

(ञ) फौजदारी मुद्दामा अभियोगपत्र पेश भई नेपाल सरकारबाट मुद्दा फिर्ता लिइएको,

(ट) कुनै फौजदारी अभियोगमा मुद्दा दायर भई सफाई पाएको व्यक्तिको विरुद्धमा पुनरावेदन परी पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको ।

१०. **<u>कसूर उल्लेख गरी प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने:</u>** (१) प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउँदा देहायको व्यक्तिको हकमा त्यस्तो व्यक्तिले गरेको कसूर उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिमको गम्भीर कसूर वा जघन्य कसूरमा सजाय पाएको,

(ग) पटके कसूरमा सजाय पाएको वा एउटा कसूरमा सजाय पाई पुनः अर्को कसूरमा संलग्न भई सजाय पाएको,

तर लागू औषध सेवनको अभियोगमा सजाय पाएकाको हकमा पुनः सोही कसूरमा सजाय पाएमा पटके गणना गरिने छैन।

(घ) कुनै फौजदारी मुद्दामा अदालत वा अर्धन्यायिक निकायबाट एक वर्ष भन्दा बढी कैदको सजाय भएको।

तर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) बमोजिमको कसूरको हकमा दफा ९ को खण्ड (झ) बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउँदा त्यस्तो कसूर ठहर गर्ने अदालत वा निकाय, फैसला भएको मिति र सजाय भुक्तान भएकोमा सोको विवरण खुलाउनु पर्नेछ।

११. **प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध नगराउनेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति उपर कुनै फौजदारी मुद्दामा अभियोग लागी अदालत वा अर्धन्यायिक निकायबाट सजाय तोकिएकोमा त्यस्तो सजाय भुक्तान नगरी कुनै पनि माध्यमबाट निजलाई प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराईने छैन ।

१२. **अनलाईन एप मार्फत वितरण गर्न सकिनेः** नेपालका सरकारी निकायबाट तोकिएका वा जारी भएका आधिकारिक अनलाइन एपहरु मार्फत समेत प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्न सकिनेछ।

१३. **त्रुटि सच्याउन निवेदन दिन सक्नेः** (१) यस निर्देशिका बमोजिम जारी भएको प्रहरी चारित्रिक प्रमाणपत्रमा कुनै त्रुटि भएमा वा विवरण फरक परेमा सम्बन्धित व्यक्तिले त्यस्तो त्रुटि सच्याउन प्रहरी प्रधान कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्न दफा ५ को उपदफा (२) बमोजिम जिम्मेवारी प्राप्त गरेको शाखाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो चारित्रिक प्रमाणपत्रमा त्रुटि भएको पाइएमा पहिले दिएको प्रमाणपत्र खिची अर्को प्रहरी चारित्रिक प्रमाणपत्र दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४

## विविध

१४. **प्रहरी चारित्रिक प्रमाणपत्रमा केरमेट वा थपघट गर्न नपाइने**: प्रहरी चारित्रिक प्रमाणपत्रमा कसैले केरमेट वा थपघट गर्नु हुँदैन र कसैले केरमेट वा थपघट गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१५. **प्रहरी चारित्रिक प्रमाणपत्र जाँच गर्न सकिने:** प्रहरी चारित्रिक प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा यकिन गर्नु पर्ने भएमा नेपाल प्रहरीको आधिकारिक वेबसाइटबाट त्यस्तो प्रहरी चारित्रिक प्रमाणपत्रमा रहेको चलानी नम्बर र नाम उल्लेख गरी जाँच गर्न सकिनेछ।

१६. **विवरण उपलब्ध गराउनुपर्ने:** (१) कुनै सरकारी कार्यालय वा विदेशी कुटनैतिक नियोगबाट प्रहरी चारित्रिक प्रमाणपत्रका सम्बन्धमा कुनै द्विविधा भई पत्राचार भई आएमा सम्बन्धित शाखाले सोको सत्य तथ्य बुझी यथार्थ विवरण उपलब्ध गराउनु पर्नेछ।

(२) नेपाल प्रहरी वा प्रदेश प्रहरीका अपराध अनुसन्धान गर्ने कार्यालय वा इकाई, अपराध अनुसन्धान गर्ने अन्य सरकारी निकाय, अध्यागमन कार्यालय, अन्तर्राष्ट्रिय विमानस्थल लगायतका सरकारी निकाय वा विदेशी कुटनीतिक नियोगबाट कुनै व्यक्तिको फौजदारी कसूरमा संलग्नताको विषयमा जानकारी माग भई आएमा राष्ट्रिय अभिलेख राख्ने जिम्मेवारी पाएको शाखाले राष्ट्रिय अभिलेखमा रहेको विवरण जाँच गरी सोको आधारमा आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गर्न सकिनेः** राष्ट्रिय अभिलेखमा रहेको व्यक्तिको पहिचानलाई सुनिश्चित गर्न तथा अभिलेखलाई थप व्यवस्थित बनाउन राष्ट्रिय अभिलेखलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणसम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गर्न सकिनेछ।

१८. **प्रतिवेदन पेश गर्नेः** (१) राष्ट्रिय अभिलेख राखे जिम्मेवारी पाएको शाखाले राष्ट्रिय अभिलेखसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने जिम्मेवारी पाएको शाखाले प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गरेको तथा सो सम्बन्धमा विभिन्न निकायलाई विवरण उपलब्ध गराएको विषय समावेश गरी आवश्यकता अनुसार साप्ताहिक, मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित विभागीय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रहरी चारित्रिक प्रमाणपत्र प्राप्तिका लागि अनलाईन आवेदन दर्ता प्रक्रिया</u>**

### १. अनलाईन रजिष्ट्रेशनको Flow Chart




### २. अनलाईन प्रणालीबाट प्रहरी चारित्रिक प्रमाणपत्र लिने प्रक्रिया

२.१. Registration:

(क) https://opcr.nepalpolice.gov.np मा जाने,

(ख) पहिलो पटक अनलाईन मार्फत दरखास्त दिनका लागि रजिष्टर गर्ने,

(ग) Email Address मोबाइल नम्बर लगायतका सम्पूर्ण विवरण भर्ने,

(घ) आवेदकले भरेको Email Address तथा मोबाइल नम्बरमा दरखास्तको अवस्था बारेको जानकारी प्राप्त हुनेछ।

२.२. Email Confirmation:

(क) रजिष्ट्रेशन भए पछि आफूले उपलब्ध गराएको Email खोल्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आवेदन गरेको प्रहरी कार्यालयबाट Temporary Password सहित Email प्राप्त हुन्छ,

(ग) यदि Inbox मा नभए Spam Mail वा Junk Folder मा हुन्छ ।

२.३. Password Change:

(क) https://opcr.nepalpolice.gov.np मा जाने,

(ख) Email मा प्राप्त Temporary Password सहित Login गर्ने,

(ग) Current Password मा Email मा प्राप्त Temporary Password राख्ने र नयाँ Password सेट गर्ने,

(घ) नयाँ Password कम्तीमा ८ अक्षरको हुनु पर्नेछ, जसमा एउटा अङ्क र एउटा Special Character हुनु पर्नेछ ।

२.४. Application:

(क) सेट गरिएको नयाँ Password बाट पुनः Login गर्ने,

(ख) भएका विवरणहरू अनिवार्य भर्ने,

(ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो प्रविष्ट गर्ने र व्यक्तिगत विवरण भर्ने,

(घ) नागरिकताको ठेगाना र हाल कायम भएको ठेगाना लगायत अन्य आवश्यक विवरण भर्ने,

(ङ) आपराधिक गतिविधिमा संलग्न रहे वा नरहेको स्वघोषणा गर्ने ।

२.५. Submission:

(क) दरखास्त Submit भए पश्चात् प्रगति विवरणको लागि आवेदकले आफ्नो Email वा https//opcr.nepalpolice.gov.np गई Login गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) Application Reject भएको अवस्थामा के कति कारणले Reject भएको हो, सोको विवरण मिलाई पुनः आवेदन दिने,

(ग) पहिले भरेकै आवेदन फारम सच्याई पुनः भर्न चाहने हो भने Re-application मा जानु पर्ने,

(घ) आफूले भरेको विवरण ठीक भए वा नभएको एकिन गरी Submit गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>आवेदनसाथ पेश गर्नुपर्ने कागजात</u>**

**१. नेपाली नागरिकको हकमाः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान प्रति र नाबालकको हकमा नाबालक परिचयपत्रको स्क्यान प्रति,

(ख) वैदेशिक प्रयोजनको लागि भएमा राहदानीको स्क्यान प्रति,

(ग) पासपोर्ट साइजको रङ्गिन फोटो ।

**२. विदेशमा रहेका नेपाली नागरिकको हकमाः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान प्रति र नाबालकको हकमा नाबालक परिचयपत्रको स्क्यान प्रति,

(ख) राहदानीको स्क्यान प्रति,

(ग) अन्तिम पटक नेपाल छोड्दा नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति,

(घ) पासपोर्ट साइजको रङ्गिन फोटो ।

**३. विदेशी नागरिक वा शरणार्थीको हकमाः**

(क) **<u>विदेशी नागरिकको हकमा,-</u>**

(१) राहदानीको स्क्यान प्रति,

(२) नेपालको अध्यागमन कार्यालयबाट आगमन छाप लगाएको पानाको स्क्यान प्रति,

(३) नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति (आवेदक नेपाल बाहिर भएको अवस्थामा),

(४) प्रवेशाज्ञाको स्क्यान प्रति (आवेदक नेपालमा भएको अवस्थामा),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) पासपोर्ट साइजको रङ्गिन फोटो ।

(ख) **शरणार्थीको हकमा,-**

(१) शरणार्थी यात्रा अनुमति पत्रको स्क्यान प्रति,

(२) नेपालको अध्यागमन कार्यालयबाट आगमन छाप लगाएको पानाको स्क्यान प्रति,

(३) नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति (आवेदक नेपाल बाहिर गएको अवस्थामा),

(४) शरणार्थी शिविरबाट बसोवास खुल्ने पत्रको स्क्यान प्रति,

(५) पासपोर्ट साइजको रङ्गिन फोटो ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

**<u>प्रहरी चारित्रिक प्रमाणपत्रको ढाँचा (आपराधिक अभिलेख नभएको)</u>**

(क) अङ्ग्रेजीमा

Government of Nepal
**MINISTRY OF HOME AFFAIRS**
**POLICE HEADQUARTERS**
**Crime Investigation Department**
Post Box 407
Kathmandu, Nepal
**(Character Verification Section)**

Phone:-
Fax:
Email:
Date:

Dispatch No:-

***<u>To Whom It May Concern</u>***

Image

**Full Name:**
**Father's name:**
**Address:**
**Date of Birth:**
**Sex:**
**Nationality:**
**Citizenship No. :** **Citizenship Issued From:**
**Passport No.:** **Passport issuing Authority:**

**Status:**
There is no criminal record against him/her till ..................., as verified from central police crime database.

.................................................
Full Name of Police Personal
( Rank of Police Personal )

***<u>Note:</u>***
- To verify this document, visit www.opcr.nepalpolice.gov.np/#/crossVerify or contact PHQ, Character Verification Section.
- Any erasure or amendment in this certificate makes it invalid.
- If the details mentioned in this Certificate is forged, the person committing such forgery shall be liable an imprisonment up to seven years and a fine up to seventy thousand rupees pursuant to the National Penal Code 2074 (2017).



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपालीमा

नेपाल रकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
पोस्ट बक्स ४०८
काठमाडौं, नेपाल
(चालचलन शाखा)

चलानी नं. :-

फोन:-
फ्याक्स:-
ईमेल:-
मिति :

**प्रहरी चारित्रिक प्रमाण-पत्र**

आवेदकको फोटो

पुरा नाम :
बाबुको नाम :
ठेगाना :
जन्म मिति :
लिङ्ग :
राष्ट्रियता :
नागरिकता नं. : नागरिकता जारी भएको स्थान :
राहदानी नं. : राहदानी जारी गर्ने निकाय :

**अवस्था:**
प्रहरी केन्द्रीय अपराध अभिलेखमा मिति................... सम्म आवेदकको कुनै अपराधिक अभिलेख फेला नपरेको।

(दस्तखत)
....................................
प्रहरी कर्मचारीको नाम
(प्रहरी कर्मचारीको दर्जा)

**नोट:**
- यो प्रमाण (पत्रको वैधानिकता यकिन गर्न www.opcr.nepalpolice.gov.np/#crossVerify मा जानुहोला वा प्र.प्र.का चालचलन शाखामा सम्पर्क गर्नुहोला।
- यो प्रमाण-पत्रमा केरमेट वा केहि परिवर्तन गरेमा मान्य हुने छैन।
- यो प्रमाण-पत्रको विवरण परिवर्तन गरी झुट्टा विवरण पेश गरेमा सो कसुर गर्ने व्यक्तिलाई मुलुकी अपराध संहिता २०७४ बमोजिम सात वर्षसम्म कैद र सत्तरी हजार रूपैंयासम्म जरिबाना हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## प्रहरी चारित्रिक प्रमाणपत्रको ढाँचा (आपराधिक अभिलेख भएको)

(क) अङ्ग्रेजीमा

Government of Nepal
**MINISTRY OF HOME AFFAIRS**
**POLICE HEADQUARTERS**
**Crime Investigation Department**
Pos[illegible]
Kathmandu, Nepal
**(Character Verification Section)**

Phone:-
Fax:
Email:
Date:

Dispatch No:-

***To Whom It May Concern***

Image

**Full Name:**
**Father's name:**
**Address:**
**Date of Birth:**
**Sex:**
**Nationality:**
**Citizenship No. :** **Citizenship Issued From:**
**Passport No.:** **Passport issuing Authority:**

**Status:**
The following criminal record is found against him/her till................, as verified from central police crime database
1. S/He was allaged in ........................ and sentenced for ..................... imprisonment/ fined ............. as per .......... Court, ..........'s judgement on............. S/He has already served the sentence/paid the fine as per the law.
2. ..............................................

.....................................................
Full Name of Police Personal
( Rank of Police Personal )

***Note:***
- To verify this document, visit www.opcr.nepalpolice.gov.np/#/crossVerify or contact PHQ, Character Verification Section.
- Any erasure or amendment in this certificate makes it invalid.
- If the details mentioned in this Certificate is forged, the person committing such forgery shall be liable an imprisonment up to seven years and a fine up to seventy thousand rupees pursuant to the National Penal Code 2074 (2017).



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपालीमा

नेपाल रकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
अपराध अनुसन्धान विभाग
पोस्ट बक ४०८
काठमाडौं, नेपाल
(चालचलन शाखा)

चलानी नं. :-

फोन:-
फ्याक:-
ईमेल:-
मिति :

**प्रहरी चारित्रिक प्रमाण-पत्र**

पुरा नाम :
बाबुको नाम :
ठेगाना :
जन्म मिति :
लिङ्ग :
राष्ट्रियता :
नागरिकता नं. : नागरिकता जारी भएको स्थान :
राहदानी नं. : राहदानी जारी गर्ने निकाय :

आवेदकको फोटो

**अवस्था:**
नेपाल प्रहरी केन्द्रीय अपराध अभिलेख अनुसार मिति..........सम्म आवेदकको देहाय बमोजिमको आपराधिक अभिलेख देखिएको ।
१.निजको विरुद्धमा ........... कसुर दर्ता भएकोमा मिति .........को ...............अदालत........को फैसलाले .........कैद/ ................जरिवाना भएको। निजले उक्त कैद / जरिवाना कानून बमोजिम भुक्तान गरिसकेको।
२. ...................................

(दस्तखत)
....................................
प्रहरी कर्मचारीको नाम
(प्रहरी कर्मचारीको दर्जा)

नोट:
- यो प्रमाण (पत्रको वैधानिकता यकिन गर्न www.opcr.nepalpolice.gov.np/#crossVerify मा जानुहोला वा प्र.प्र.का चालचलन शाखामा सम्पर्क गर्नुहोला ।
- यो प्रमाण-पत्रमा केरमेट वा केहि परिवर्तन गरेमा मान्य हुने छैन ।
- यो प्रमाण-पत्रको विवरण परिवर्तन गरी झुट्टा विवरण पेश गरेमा सो कसूर गर्ने व्यक्तिलाई मुलुकी अपराध संहिता २०७४ बमोजिम सात वर्षसम्म कैद र सत्तरी हजार रूपैंयासम्म जरिवाना हुनेछ ।

**आज्ञाले,**
**दिनेश भट्टराई**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।